स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाद्धारा प्रकाशित

वर्ष ८ खण्डः २, मध्यपुर थिमि, भक्तपुर, पौष २९ गते २०८१ साल,

भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं...........

नगरसभाबाट स्वीकृत मिति : २०८१/०९/२९

**मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८१**

**प्रस्तावनाः**

मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र परिभाषाः** (१) यो ऐनको नाम " मध्यपुर थिमि नगरपालिका सहकारी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ को दफा ८२ मा संशोधनः मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ को दफा ८२ को उपदफा (१), (२), (३) मा भएको व्यवस्थालाई पूर्ण रुपमा संशोधन र उपदफा (४), (५) र (६) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ण), (त), (द) थप गरिएको

(१) दफा ८१ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्वन्धी कार्यको लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ । भन्ने हटाई

(१) व्यवस्थापन समितिको गठन देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी नगर कार्यपालिकाले गर्नेछ ।

(क) जिल्ला अदालतको न्यायाधिस भईसकेको वा सो सरह पदमा काम गरिसकेको व्यक्तिहरु मध्येबाट म.थि.न.पा.ले नियुक्ति गरेको –अध्यक्ष

(ख) निजामती सेवामा कम्तीमा राजपत्रांकित द्धितिय श्रेणी वा सो सरह पदमा काम गरेको व्यक्तिहरु मध्येबाट म.थि.न.पा.ले मनोनित गरेको एक जना –सदस्य



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(ग) भक्तपुर जिल्ला सहकारी संघले तोकेको संचालक प्रतिनिधि एक जना –सदस्य

(घ) भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघले तोकेको संचालक प्रतिनिधि एक जना –सदस्य

(ङ) सहकारी क्षेत्रको विज्ञ व्यक्तिहरु मध्येबाट म.थि.न.पा.ले मनोनित गरेको दुई जना –सदस्य

(च) बैंक तथा बित्तिय संस्थाको कम्तीमा आठौं तह वा सो सरह पदमा चार्टड एकाउन्टेन्ट भई बैंक तथा वित्तिय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको व्यक्तिहरु मध्येबाट म.थि.न.पा.ले मनोनित गरेको एक जना –सदस्य

(छ) म.थि.न.पा.ले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी –सदस्य सचिव

भन्ने राखिएको ।

(२) उपदफा (१) बमोजिम सिफारिस भइ आएमा नगर कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ । भन्ने हटाई

(२) उपदफा (१) बमोजिम गठन भएको व्यवस्थापन समितिको पदाधिकारीहरुको पदावधी नियुक्तिको मितिले दुई बर्षको हुनेछ र नगरपालिकाले आवश्यकता अनुसार निजहरुको पदावधी बढीमा दुई बर्ष थप गर्न सक्नेछ । भन्ने राखिएको

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । भन्ने हटाई

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि निज पदाधिकारीहरुको कार्यसम्पादन सन्तोषजनक नरहेमा नगरपालिकाले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । भन्ने राखिएको

(४) उपदफा (३) बमोजिम पदाधिकारीहरुलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ । थप गरिएको

(५) उपदफा (३) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा नगरपालिकाले उपदफा (२) को अधिनमा रही पद पूर्ति गर्नेछ । थप गरिएको

(६) व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । थप गरिएको

(क) समस्याग्रस्त सहकारी संस्थाको साधारण सभा, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिले नगरपालिकाको ऐन, नियम, प्रचलित सहकारी ऐन, नियम तथा संस्थाको विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(ख) समस्याग्रस्त सहकारी संस्थाको सञ्चालक समितिको सदस्य, निजको परिवार, नातेदार, संस्थाको कर्मचारी, संस्थासंग सम्वन्धित अन्य संस्था वा कम्पनीका कर्मचारी, सम्वद्ध व्यक्तिको जानकारी भएका वा मिलेमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने ।

(ग) समस्याग्रस्त सहकारी संस्थाको सम्पति तथा दायित्वको एकिन विवरण र तथ्यांक संकलन गरी अध्ययन, बिश्लेषण, लेखाजोखा र मूल्यांकन गर्ने ।

(घ) समस्याग्रस्त सहकारी संस्थाको सम्पति जिम्मा लिने ।

(ङ) समस्याग्रस्त सहकारी संस्थाको काम कारबाही सम्वन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने ।

(च) समस्याग्रस्त सहकारी संस्थाले असुल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम प्रचलित सहकारी ऐन , नियम तथा संस्थाको विनियम बमोजिमको प्रक्रिया अवलम्वन गरी असुल गर्ने ।

(छ) समस्याग्रस्त सहकारी संस्थाको धितोमा रहेको सम्पति आवश्यकता अनुसार प्रचलित सहकारी ऐन, नियम तथा संस्थाको विनियम बमोजिम लिलाम बिक्री गर्ने ।

(ज) समस्याग्रस्त सहकारी संस्थाको सम्पति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने ।

(झ) समस्याग्रस्त सहकारी संस्थाको सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने ।

(ञ) समस्याग्रस्त सहकारी संस्थाको सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने ।

(ट) समस्याग्रस्त सहकारी संस्थाको सम्पति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि प्रचलित सहकारी ऐन, नियम तथा संस्थाको बिनियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्न सक्ने ।

(ठ) समस्याग्रस्त सहकारी संस्थाको संचालक, कर्मचारी वा निजको परिवारको सदस्यले बचतकर्ताको बचत पुरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको भएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पति कब्जामा लिन सक्ने र सो सम्पति मध्येबाट बचतकर्ताको बचत भरिभराउ गर्न लिलाम बिक्री वा असुल उपर सम्वन्धी आवश्यक कारबाही गर्न सक्ने ।

(ड) समस्याग्रस्त सहकारी संस्थाको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने ।

(ढ) समस्याग्रस्त सहकारी संस्थाको संचालक र कर्मचारी वा निजहरुको परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पति वा संस्थाको सम्पतिबाट खरिद गरेको चल अचल सम्पति कब्जामा लिई त्यस्तो सम्पति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

(ण) समस्याग्रस्त सहकारी संस्थाको सदस्य, बचतकर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरुको नाम नामेसी लगत तयार गर्ने ।

(त) समस्याग्रस्त सहकारी संस्थाको नाममा रहेको वा लगानी गरेको अचल सम्पतिको लगत तयार गर्ने ।

(थ) समस्याग्रस्त सहकारी संस्थाको संचालक समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्वन्ध भएको व्यक्तिको नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेको नगद, सुन चाँदी तथा शेयर लगानीको लगत तयार गर्ने ।

२०८१।१२।११

**प्रमाणीकरण मिति २०८१।१२।११**

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

**आज्ञाले**
**राम बहादुर के.सी**
**प्रमुख प्रशासकीय अधिकृत**